**मिति २०७७।०१।२१ (विहान ८.००)**

आज मिति २०७७ साल बैशाख २१ गते आइतावारका दिन विहान ८.०० मेचीनगर नगरपालिकाको प्रमुख श्री विमल आचार्यज्यूको अध्यक्षतामा उपप्रमुख श्री मीना पोखेल उप्रेतीज्यूलगायत देहायका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| प्रमुख श्री विमल आचार्य | दस्तखत |
| उप प्रमुख श्री मीना पोखेल उप्रेती | दस्तखत |
| वडा अध्यक्ष १, श्री पासाङ्ग तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष २, श्री तिलक न्यौपान | दस्तखत |
| वडा अध्यक्ष ३, श्री हर्कबहादुर बस्नेत | दस्तखत |
| वडा अध्यक्ष ४, श्री नवीन बराल | दस्तखत |
| वडा अध्यक्ष ५, श्री योगेन्द्र थापा | दस्तखत |
| वडा अध्यक्ष ६, श्री ललितबहादुर तामाङ्ग | दस्तखत |
| वडा अध्यक्ष ७, श्री चन्दन मेचे | उपस्थित |
| वडा अध्यक्ष ८, श्री विकेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष ९, श्री गोपाल खड्का | दस्तखत |
| वडा अध्यक्ष १०, श्री सुवेशकुमार पनेरु | दस्तखत |
| वडा अध्यक्ष ११, श्री सन्तोषकुमार मेचे | दस्तखत |
| वडा अध्यक्ष १२, श्री नरेन्द्र धिमाल | दस्तखत |
| वडा अध्यक्ष १३, श्री कृष्ण सिग्देल | दस्तखत |
| वडा अध्यक्ष १४, श्री शंकर पोखरेल | दस्तखत |
| वडा अध्यक्ष १५, श्री गुणराज भट्टराई | दस्तखत |
| कार्यपालिका सदस्य श्री टीकाराम सार्की | दस्तखत |
| कार्यपालिका सदस्य श्री लक्ष्मी तामाङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री रुपा गुरुङ्ग | दस्तखत |
| कार्यपालिका सदस्य श्री कृष्ण कनाल | दस्तखत |
| कार्यपालिका सदस्य श्री पूर्ण मेचे | अनुपस्थित |
| कार्यपालिका सदस्य श्री निर्मला परियार | दस्तखत |
| कार्यपालिका सदस्य श्री विन्दा प्रसाइँ | दस्तखत |
| कार्यपालिका सदस्य श्री कुश्मीकुमारी चौधरी | दस्तखत |
| प्र. प्र. अ. श्री महेन्द्रकुमार खाम्याहाङ्ग | दस्तखत |
| ब. प्र. अ. श्री अनन्तप्रकाश वस्ती | दस्तखत |
| खाद्य विश्लेषक श्री दीपेन्द्र कार्की | दस्तखत |

**निर्णय नं. १.** विश्वव्यापीरुपमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट नेपालमा हुन सक्ने सम्भाव्य महामारी रोक्न नेपाल सरकारबाट २०७६।१२।११ देखि लक डाउन घोषणा भएपश्चात् नेपाल सरकारको मार्गदर्शनअनुसार यस मेचीनगर नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत मेचीनगर नगरपालिकाको कोरोनाभाइरस रोकथाम र राहत तथा उद्वार सञ्चालन कार्यविधि, २०७६ अनुसार नगर कार्यपालिकाको निर्णयानुसार नगर कार्यपालिकाको कार्यालयबाट प्रकोप व्यवस्थापन कोषबाट खर्च लेखी खरिद गरिएको तथा वडा समितिहरुबाट सम्बन्धित वडाहरुको वडा योजनामा परिमार्जन हुने गरी रु. ३ लाखमा नबढाई कोरोनाभाइरस रोकथामको लागि लकडाउन प्रभावित असंगठित क्षेत्रमा काम गर्ने कामदारहरु र असहाय व्यक्तिलाई वितरण गरिएको राहत लिने देहायानुसारको वडागत सेवाग्राही विवरण स्वीकृत गर्ने निर्णय गरियो ।

**तपसिल**

| वडा नं. | घर परिवार संख्या | कैफियत |
|---|---|---|
| १ | ४६१ | |
| २ | १६४ | |
| ३ | ६२७ | |
| ४ | २२६ | |

| | | |
|---|---|---|
| ५ | ३४३ | |
| ६ | १०३६ | |
| ७ | ३८२ | |
| ८ | ७२३ | |
| ९ | ७५७ | |
| १० | ३४९ | |
| ११ | ५१२ | |
| १२ | ६४९ | |
| १३ | ४५७ | |
| १४ | ४९३ | |
| १५ | ६०७ | |
| जम्मा | ७,७८६ | |

साथै उल्लिखित बाहेक वडा समितिहरुले आफ्नै पहलमा संकलन गरेको जिन्सी राहत सामग्रीको दाता र वितरण गरेको भर्पाइ विवरण तथा नगद संकलन गरिएको भएमा यसअघिको निर्णयबाट नगर कार्यपालिकाको काँकरभिट्टा स्थित नेपाल बैंक लिमिटेडको शाखा कार्यालयमा रहेको प्रकोप व्यवस्थापन कोष खातामा जम्मा गरी सक्कल भौचर नगर कार्यपालिकाको कार्यालयमा पेश हुन उल्लेख गरिएकोमा हालसम्म समेत उल्लिखित सम्पूर्ण विवरण सबै वडाहरुबाट कार्यालयमा प्राप्त हुन नआएको हुँदा उल्लिखित विवरण २०७७।०१।२४ भित्र अनिवार्यरुपमा कार्यालयमा पेश गरिसक्न, अन्यथा पेश हुन नआएमा उल्लिखित विवरणको सम्बन्धमा उत्पन्न हुने सार्वजनिक जवाफदेहिता वा कुनै नियमक निकायबाट खोजी भएको बखत दूरुस्त पेश गर्ने गरी सम्बन्धित वडाध्यक्ष र वडा कार्यालय नै जवाफदेही रहने गरी अभिलेख वडा कार्यालयमा दूरुस्त राख्न निर्णय गरियो ।

**निर्णय नं. २**. विश्वव्यापीरुपमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट नेपालमा हुन सक्ने सम्भाव्य महामारी रोक्न नेपाल सरकारबाट २०७६।१२।११ देखि लक डाउन घोषणा भएपश्चात् नेपाल सरकारको मार्गदर्शनअनुसार यस मेचीनगर नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत मेचीनगर नगरपालिकाको कोरोनाभाइरस रोकथाम र राहत तथा उद्वार सञ्चालन कार्यविधि, २०७६ अनुसार नगर कार्यपालिकाको निर्णयानुसार पहिलो चरणको राहत वितरण वितरण भएको र मिति २०७७।०१।२५ सम्म लक डाउन कायमै रहेको तथा अब पनि लक डाउन के कहिले खुल्ने समेत अनिश्चित हुँदै गएको सम्बन्धमा दोश्रो चरणको राहत वितरण व्यवस्था देहायानुसार हुन निर्णय गरियो ।

**तपसिल**

(क) हरेक वडाले सम्बन्धित वडाको आ. व. २०७६।०७७ को लागि स्वीकृत भई हालसम्म सञ्चालन नभएका वडास्तरीय आयोजनाहरुमध्येबाट संशोधन गरी दोश्रो चरणको राहत आवश्यकता र औचित्यका आधारमा पहिलो चरणमा राहत वितरण गर्न माग गरिएको दर रेट हाल असान्दर्भिक भइसकेको अवस्थामा दोश्रो चरणको राहत वितरण गर्न सार्वजनिक सूचनामार्फत् पुनः २४ घण्टाभित्र आपूर्तिकर्ताहरुबाट दर रेट माग गरी सबैभन्दा कम कबोल दरमा वडा कार्यालयहरुबाटै सोना मन्सुली चामल खरिद गरी राहत वितरण गर्ने व्यवस्था मिलाउने ।

(ख) उक्त (क) अनुसारका वडाको आयोजनाहरु सञ्चालन भइसकेको भएमा आगामी आ. व. २०७७।०७८ मा सम्बन्धित वडालाई विनियोजन हुने वडा बजेटबाट सोधभर्ना हुने गरी नगरपालिकाको प्रकोप व्यवस्थापन कोषबाट पेश्की रकम उपलब्ध गराउने ।

(ग) उक्त खण्ड (क) र (ख) अनुसारको राहतको लागि बढीमा रु. ४ लाख सम्म मात्र रकम कार्यालयबाट पेश्की लिई राहत सामग्री खरिदमा खर्च गर्ने साथै पेश्की लिएको १० दिनभित्रमा अनिवार्यरुपमा पेश्की फछ्र्यौटको लागि कार्यालयमा विल भर्पाइ पेश गर्ने गराउने ।

(घ) दोश्रो चरणको राहतमा ४ जनासम्मको परिवारलाई १० केजी चामल र १ केजी नून तथा सो भन्दा बढी परिवारलाई १५ केजी चामल र १ केजी नून उपलब्ध गराउन मेचीनगर नगरपालिकाको कोरोनाभाइरस रोकथाम र राहत तथा उद्वार सञ्चालन कार्यविधि, २०७६ को अनुसूची – २ को संशोधन यसै निर्णयबाट भएको मानी कार्यान्वयन गर्ने ।

(ङ) दोश्रो चरणको राहत सामग्री सबै वडाहरुले मिति २०७७।०१।२६ देखि मात्र आआफ्नो वडाको अनुकूलताअनुसार वितरण व्यवस्था मिलाउने ।

(च) राहत वितरण व्यवस्था सम्बन्धी नियमक निकायबाट हुने उत्तरदायित्व सम्बन्धित वडाध्यक्षहरुबाट बहन हुने ।

**निर्णय नं. ३.** नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त समपूरक अनुदान, विशेष अनुदान र निर्वाचन क्षेत्र विकास कार्यक्रमहरु ठेककाबाट सम्पन्न हुन कार्यान्वयनमा रहेको अवस्थामा आयोजनामा विनियोजित बजेटभन्दा कम कबोल अंक भएमा बाँकी रहेको रकम सोही आयोजनाको निरन्तरता रहने अवस्थामा सो अगाडि ठेकेदारले जति प्रतिशत कम कबोल गरेको छ, त्यसमा १५% ओभरहेड घटाई बाँकी हुन आउने रकम उपभोक्ताबाट लागत साझेदारी हुने गरी उपभोक्ता समितिबाट काम गर्ने गराउने, तर यस्तो लागत साझेदारी रकम १०% भन्दा कम नहुने गरी उपभोक्ता समितिसँग आयोजना संझौता गरी कार्य सम्पन्न गर्न कार्यालयलाई निर्देशन दिने तथा यस्तो रकम सम्बन्धित बजेटबाट खर्च लेख्न कुनै तरहले सम्भव नभएको अवस्थामा नगरपालिकाको सञ्चित कोषबाट रकम व्यवस्था गरी भुक्तानी दिने व्यवस्था मिलाउन समेत निर्णय गरियो । (जस्तैः कुनै आयोजनाको ठेक्का आह्वान गर्दा ५०% घटीमा काम हुने गरी कबोल भएमा १५% ओभरहेड घटाई आयोजना रकमको ३५% रकम लागत सहभागिता हुनुपर्नेछ) ।

**निर्णय नं. ४**. चालु आ. व. २०७६।०७७ मा मेचीनगर नगरपालिकाअन्तर्गका नदीहरुबाट नदीजन्य पदार्थ उत्खनन र विक्रीबाट नगरपालिकाको राजश्व आम्दानी गर्न मू. अ. कर बाहेक रु. ४ करोड ३३ लाखमा निन्दा, मेची, हडिया र टिमाई नदीका १९ वट केन्द्रबाट २,१६,६६५ घ. मि. नदीजन्य पदार्थ उत्खनन तथा विक्री व्यवस्थाको लागि अनुगमन कार्यका संयोजक उपप्रमुख श्री मीना पोखेल उप्रेतीज्यू समक्ष लिखित प्रतिवेदन पेश गर्न ठेक्का संझौता कार्यानवयनको सम्पूर्ण जिम्मा तथा जवाफदेहिता रहने गरी स्थलगत अनुगमनकर्ता का. पा. सदस्य श्री टीकाराम सार्की (सयोजक, वन वातावरण तथा विपद् व्यवस्थापन समिति), का. पा. सदस्य श्री कृष्ण कनाल ( संयोजक, भौतिक पूर्वाधार विकास समिति) र १० नं. वडाध्यक्ष श्री सुवेशकुमार पनेरु (संयोजक, आर्थिक समिति) रहेको समिति ठेकका संझौतापत्रमा नै उल्लेख गरी कार्यालय विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरीसँग ठेकका संझौता भई कार्यान्वय भइरहेकोमा मिति २०७६।१०।०६ गतेका दिन विनिता श्री ट्रेड एण्ड सप्लायर्स प्रा. लि. ईटहरीका तर्फबाट अख्तियारमा मुद्धा परेको, स्थानीयवासीको अवरोध, व्यापक जनगुनासो, साथै सवारी साधन स्काभेटर तोडफोड गर्ने धम्की इत्यादिका कारण उत्खनन गर्न नसकिने अवस्था भएकोले अवरोध भएको ठाउँको २०,००० (वीस हजार) घ. मि. नदीजन्य पदार्थ बराबरको पर्न आउने रकम कबोल ठेककाको बाँकी रकमबाट घटाइदिन माग भई आएको सन्दर्भमा छलफल हुँदा निवेदनको मागानुसार नै हुने गरी कूल संझौता अनुसारको २१६६६५ घ. मि. मध्ये उक्त २०००० घ. मि. घटाई १,९६,६६५ घ. मि. मात्र नदीजन्य पदार्थ उत्खनन गर्न संझौता परिमार्जन गरी ठेक्का रकम समेत सोहीअनुसार कायम हुन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ५**. विश्वव्यापीरुपमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट नेपालमा हुन सक्ने सम्भाव्य महामारी रोक्न नेपाल सरकारबाट २०७६।१२।११ देखि हालसम्म नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरु र नगरस्तरीय विपद् व्यवस्थापन समितिअन्तर्गतको सचिवालय तथा राहत वितरण विशेष समितिको हालसम्मको कामहरुको समीक्षा गरियो । जसमा हाल दमक नगरपालिका र बाह्रदशी गाउँपालिकामा समेत कोरोनाभाइरस संक्रमणको विरामी फेला परिसकेको अवस्थामा पश्चिम चाराली नाकाबाट नगरपालिका प्रवेश गर्ने सबै व्यक्तिहरुको विवरण राखी लामो दूरीका स्थानबाट १ महिना भन्दा बढी अवधिमा घर फर्किने हरेक नागरिकलाई वडाअन्तर्गतको कुनै विद्यालयमा क्वारेन्टाइन गराई निजको खर्च सम्बन्धित व्यक्तिको घरबाटै भरणपोषण गराउने र स्वास्थ्य सल्लाह आदि नगरपालिकाबाट उपलब्ध गराउने तथा हाल सञ्चालित सामुहिक क्वारेन्टाइनहरु क्रमशः बन्द गराउन समेत निर्णय गरियो ।

**निर्णय नं. ६**. सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार भर्खरै नेपाल सरकारबाट जारी भएको सामाजिक सुरक्षा नियमावली, २०७६ मा भएको व्यवस्थाको बारेमा बैठकमा जानकारी भयो । साथै यस ऐन र नियमावलीको बारेमा सबै जनप्रतिनिधिहरुलाई उपप्रमुखज्यूबाट अभिमुखीकरण गराउन व्यवस्थापन गर्ने तथा उक्त ऐन र नियमावलीको कार्यान्वयन यसै आ. व. को तेश्रो चौमासिक तोकिएअनुसार तेश्रो चौमासिकदेखि कानुनअनुसारको सामाजिक सुरक्षा भत्ता लाभग्राहीको विवरण अद्यावधिक कार्य कार्यालयबाट हुने र सोही अनुनसार कार्यान्वयन व्यवस्था समेत पालना गराउन निर्णय गरियो ।

**निर्णय नं. ७**. विश्वव्यापीरुपमा महामारीको रुप लिइरहेको कोरोना भाइरसको संक्रमणबाट नेपालमा हुन सक्ने सम्भाव्य महामारी रोक्न नेपाल सरकारबाट २०७६।१२।११ देखि लक डाउन घोषणापश्चात् काँकरभिट्टा इलाका प्रहरी कार्यालयको गाडी बिग्रेकाले लकडाउनलाई प्रभावकारीरुपमा सञ्चालन गर्न २०७६।१२।२४ देखि यस कार्यालयको प्रकोप व्यवस्थापन कोषबाट भाडा भुक्तानी गर्ने गरी एक थान गाडी भाडामा व्यवस्थापन गरिएकोमा यस नगर कार्यपालिकाको मिति २०७६।१२।१६ को बैठकबाट इलाका प्रहरी कार्यालय काँकरभिट्टा र कार्यालयको स्वास्थ्य शाखामा भाडामा सञ्चालनमा रहेका सवारी साधनको हकमा बैकल्पिक व्यवस्था गरी भाडामा लिएको गाडी फिर्ता गर्ने निर्णय भएअनुसार हाललाई इलाका प्रहरी कार्यालयको उल्लिखित विग्रिएको गाडी मर्मत गर्न कार्यालयको प्रकोप व्यवस्थापन कोषबाट रु. १,३५,०००।०० ( एक लाख पैतीस हजार ) निकासा खर्च लेखी बैकल्पिक व्यवस्था गरी इलाका प्रहरीस कार्यालयलाई उपलब्ध गराइएको भाडाको गाडि फिर्ता गर्न निर्णय गरियो ।

**निर्णय नं. ८**. यस नगरपालिकाको चालु आ. व. ०७६।७७ को स्वीकृत कार्यक्रमको योजना किताबको पाना नं. १२१ को सि. नं. ७२ को धार्मिक स्थल तथा सँस्कृति संरक्षण कार्यक्रममा विनियोजित रु. २० मध्येबाट प्रमुखज्यू र उपप्रमुखज्यूको पूर्व स्वीकृतिमा निम्न कार्यक्रमहरु सम्पन्न भइसककोले कार्यक्रमको विलभर्पाइ संलग्न राखी भुक्तानी दिन कार्यालयलाई निर्देशन दिने गरियो ।

**तपसिल**

१. एशियान ग्रामीण पर्यटन महोत्सव मेनपा वडा नं. ६ काँकरभिट्टा रु. २,००,०००।००
२. बाहुनडाँगी पर्यटन महोत्सव मेनपा वडा नं. ४, बाहुनडागी रु. १,५०,०००।००

**निर्णय नं. ९**. मिति २०७७०१।२१ का दिन वडा नं. ३ का वडाध्यक्ष श्री हर्कबहादुर बस्नेतले मिति २०७७०१।२० गतेको वर्षा बाढीले वडा नं. ३ कै खारखोला कल्भर्ट स्थानीय उपभोक्त समितिले निर्माण गरिरहेको ठाउँबाट निर्माण सामग्री बगाएर लगेको हुँदा क्षति मूल्यांकन गरी दैवी प्रकोप कोषबाट निकासाका लागि ३ नं. वडा समितिको मिति २०७७०१।२१ को निर्णय सहित निवेदन पेश गरेको र सो क्षति विवरणमा चालेको गिट्टी ८ टयाक्टरको रु. २८,०००।००, बालुवा ११ टयाक्टरको रु २७,५००।००, फलामको टेका २ थानको रुं ८,०००।००, बाँसको टेका ४० थानको रु. १,०००।०० र ज्याला रु. ५,०००। समेत रु. ७३,०००।०० क्षति माग गर्नुभएको सम्बन्धमा अनुगमन समितिका संयोजक श्री मीना पोखेल उप्रेतीज्यूले स्थलगत अनुगमन गरी प्रतिवेदन पेश भई प्रमुखज्यूको निर्देशानुसार हुन निर्णय गरियो ।